# मुलुकी देवानी संहिता, २०७४ लाई संशोधन गर्न बनेको विधेयक

**प्रस्तावना :** मुलुकी देवानी संहिता, २०७४ लाई संशोधन गर्न वाञ्छनीय भएकोले,

संघीय संसदले यो ऐन बनाएको छ।

१. **संक्षिप्त नाम र प्रारम्भ :** (१) यस संहिताको नाम "मुलुकी देवानी (पहिलो संशोधन) संहिता, २०८१" रहेको छ।

(२) यो संहिता तुरुन्त प्रारम्भ हुनेछ।

२. **मुलुकी देवानी संहिता, २०७४ को दफा २६ मा संशोधनः** मुलुकी देवानी संहिता, २०७४ (यसपछि "मूल संहिता" भनिएको) को दफा २६ को,-

(१) उपदफा (३) मा रहेका "उजुर गर्न" भन्ने शब्दहरुको सट्टा "निषेधाज्ञा वा अन्य उपयुक्त आदेशको लागि निवेदन दिन" भन्ने शब्दहरु राखिएका छन्।

(२) उपदफा (५) मा रहेको "उजुरी" भन्ने शब्दको सट्टा "निवेदन" र "आदेश" भन्ने शब्दको सट्टा "निषेधाज्ञा वा अन्य उपयुक्त आदेश" भन्ने शब्दहरु राखिएका छन्।

३. **मूल संहिताको दफा ७० मा संशोधनः** मूल संहिताको दफा ७० को उपदफा (१) को खण्ड (घ) मा देहायको प्रतिबन्धात्मक वाक्यांश थपिएको छः-

"तर अदालतले अन्यथा आदेश गरेकोमा सोही बमोजिम हुनेछ।"

४. **मूल संहिताको दफा ७१ मा संशोधनः** मूल संहिताको दफा ७१ को उपदफा (२) को खण्ड (ग) मा रहेका "वा कुष्ठ रोगी" भन्ने शब्दहरू झिकिएका छन्।

५. **मूल संहिताको दफा ७२ मा संशोधनः** मूल संहिताको दफा ७२ को उपदफा (१) को खण्ड (ग) मा देहायको प्रतिबन्धात्मक वाक्यांश थपिएको छः-

"तर मुलुकी अपराध संहिता, २०७४ मा उल्लेख भएको व्यवस्थामा सोही बमोजिम हुनेछ।"

६. **मूल संहिताको दफा ९६ मा संशोधनः** मूल संहिताको दफा ९६ मा रहेका "सम्बन्धित जिल्ला अदालतमा" भन्ने शब्दहरू पछि "दुवै जनाले संयुक्त रूपमा" भन्ने शब्दहरू थपिएका छन्।

७. **मूल संहिताको दफा ९८ मा संशोधनः** मूल संहिताको दफा ९८ मा रहेको प्रतिबन्धात्मक वाक्यांश झिकिएको छ।

८. **मूल संहिताको दफा २१० मा संशोधनः** मूल संहिताको दफा २१० को,-

(१) उपदफा (१) मा रहेका "छोरा छोरीसँग" भन्ने शब्दहरूको सट्टा "छोरा, छोरीसँग" भन्ने शब्दहरू राखी सोही उपदफामा रहेका "वा त्यसरी भिन्न भएकोसँग आफ्नो अंश मिलाई सँगै बसेको अवस्थामा" भन्ने शब्दहरु झिकिएको छ।

(२) उपदफा (२) झिकिएको छ।

९. **मूल संहिताको दफा २२५ मा संशोधनः** मूल संहिताको दफा २२५ मा देहायको उपदफा (३) थपिएको छः-

"(३) उपदफा (१) र (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि अदालतबाट जारी इतलायनामा रितपूर्वक तामेल भई प्रतिवादीले थाहा पाएकोमा आफ्नो नाममा रहेको बण्डा लाग्ने चलअचल सम्पत्तिबाट जानी जानी वादीलाई अंश नदिने वा धिङ्न्याइँ गर्ने मनसायले फाँटवारी

नदिएको प्रमाणित भएमा अदालतले त्यसरी फाँटवारी दिनु पर्ने दायित्व भएको प्रतिवादीको अंशभागको दश प्रतिशत सम्पत्ति समेत वादीले पाउने गरी फैसला गरिदिनु पर्नेछ।"

१०. **<u>मूल संहिताको दफा २३९ मा संशोधनः</u>** मूल संहिताको दफा २३९ को उपदफा (१) को खण्ड (घ) मा रहेका "सौतेनी आमा," भन्ने शब्दहरू पछि "विवाह भई सगोलमा नबसेकी विवाहित छोरी" भन्ने शब्दहरु राखिएका छन्।

११. **<u>मूल संहिताको दफा २८६ मा संशोधनः</u>** मूल संहिताको दफा २८६ मा रहेका "छ महिना" भन्ने शब्दहरुको सट्टा "एक वर्ष" भन्ने शब्दहरु राखिएका छन्।

१२. **<u>मूल संहिताको दफा २९८ मा संशोधनः</u>** मूल संहिताको दफा २९८ मा रहेका "छ महिना" भन्ने शब्दहरुको सट्टा "एक वर्ष" भन्ने शब्दहरु राखिएका छन्।

१३. **<u>मूल संहिताको दफा ३१२ मा संशोधनः</u>** मूल संहिताको दफा ३१२ को,-

(१) उपदफा (१) मा रहेको "सार्वजनिक" भन्ने शब्द पछि "वा कुनै व्यक्तिको नाममा दर्ता सम्पत्ति बाहेक अन्य" भन्ने शब्दहरू राखिएका छन्।

(२) उपदफा (१) पछि देहायको उपदफा (१क) थपिएको छः-

"(१क) नेपाल सरकारका कुनै निकाय वा अधिकारीले उपदफा (१) बमोजिमको सम्पत्तिमा असर पर्ने गरी कुनै निर्णय गरेमा तीन दिन भित्र त्यस्तो निर्णयको प्रतिलिपि सम्बन्धित सरकारी वकीलको कार्यालयलाई दिनु पर्नेछ।"

(३) उपदफा (२) पछि देहायको उपदफा (३) थपिएको छः-

"(३) सरकार वा सरकारी निकायको हित वा सरोकार जोडिएको कुनै पनि विषयमा सरकारी निकाय वा सो मातहतको परियोजनाको तर्फबाट मध्यस्थता ऐन, २०५५ वा प्रचलित कानून बमोजिम गठन भएको मध्यस्थता समक्ष दाबी, प्रतिदाबी र प्रत्युक्ति पेस गर्ने र मध्यस्थता समक्षमा उपस्थित भई बहस गर्ने अधिकार महान्यायाधिवक्ताले तोकेको सरकारी वकिललाई हुनेछ।"

१४. **<u>मूल संहिताको दफा ४३४ मा संशोधनः</u>** मूल संहिताको दफा ४३४ मा रहेका "छ महिना" भन्ने शब्दहरुको सट्टा "एक वर्ष" भन्ने शब्दहरु राखिएका छन्।

कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय